# सर्वोच्च अदालतमा पेश गरेको

## निबेदन पत्र

विषयः अन्तरिम आदेश सहित उत्प्रेषण परमादेश लगायतका आज्ञा आदेश पूर्जी जारी गरी पाउँ ।

बझाङ जिल्ला थलरा गाउँपालिका वडा नं. १ सिम्तोला बस्ने वर्ष २२ को कृष्ण वि.क.................................................................................१
स्याङ्जा जिल्ला हरिनास गा.पा. वडा नं. ५ टापु बस्ने वर्ष २२ को आकाश कुमार भट्ट.................................................................................१
रसुवा जिल्ला कालिका गा.पा.वडा नं. ५ बस्ने वर्ष २३ रविन्द्र पौडेल.................१
भक्तपुर जिल्ला चाँगुनारायण न.पा. वडा नं. ४ बस्ने वर्ष २२ को प्रमेस पौडेल.....१
ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १२ बस्ने वर्ष २२ को उज्जवल माली..१
पर्सा जिल्ला बिरगंज म.न.पा.वडा नं. २ बस्ने वर्ष २१ को इमामुल हक...........१
चितवन जिल्ला पटिहानी गा.वि.स. वडा नं. ८ घर भै हाल का.जि.तारकेश्वर न.पा. ७ बस्ने बर्ष ४९ को राजु परियार.............................................१

रिट निवेदक पक्ष

**विरुद्ध**

नेपाल सरकार गृह मन्त्रालय सिहंदरबार काठमाण्डौ..................................१
काठमाण्डौ उपत्यका प्रहरी ट्राफिक महाशाखा रामशाहपथ काठमाण्डौ ............१
प्रहरी प्रधान कार्यलिय नक्साल काठमाण्डौ............................................१

विपक्षी

मुद्दाः– उत्प्रेषणयुक्त परमादेश

हामी निबेदकहरु लाग्ने शुल्क रु ५००।– को बैक भौचर साथै संलग्न गरि नेपालको संविधानको धारा ४६, धारा १३३(२)(३) सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३२ तथा नियम ३३ बमोजिम निम्नलिखित निवेदन गर्दछौ ।

१) हामी निवेदकहरु नेपालको संविधान २०७२ को धारा १७ ले स्वतन्त्रताको हक र धारा १६ ले सम्मानपूर्वक बाच्न पाउने हक, धारा २९ ले शोषण विरुद्धको हक प्रदान गरेको छ। त्यस्तै नेपालको संविधान २०७२ को धारा २० (४) ले न्याय सम्बन्धी र मुलुकी अपराध संहिता २०७४ को दफा ४, ७ ले कानून बमोजिम बाहेक सजाय नहुने व्यवस्था प्रष्ट रुपमा गरेको छ।

२) व्यास्थापिका संसदले जनहितका लागि बनाएको सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६४ लगायतका विभिन्न दफाहरुमा सवारी चालकलाई गल्ती वापत सजाय तथा जरिवानाको व्यवस्था गरेको छ। तर दफा १६१, १६२ को ज्यान सम्बन्धीको कसूरमा बाहेक नागरिकलाई ट्राफिक प्रहरीले शारीरीक दण्ड, ( Physical Punishment) दिन पाउने ब्यवस्था गरेको छैन ।तर पछिल्लो समयमा गृहमन्त्री स्तरिय निर्णयले मा.प.से.गरी सवारी चलाएमा वा अन्य ट्राफिक कारवाहीमा गरेका सवारी चालकहरुलाई शारिरीक दण्ड दिएको देखिन्छ जुन सजाय वा कारवाही पुरातन शैलीको (Barbaric) जस्तै देखिन्छ । जुन मानव मर्यादा विपरित पनि छ। कानूनी राज्यमा कानून अनुकुल मात्र सजाय वा दण्ड जरिवाना गर्ने गर्नु पर्दछ। कानून प्रतिकुल कुनै दण्ड सजाय सम्मानित अदालतबाट समेत गर्न नमिल्ने अवस्थामा कानून भन्दा पनि प्रहरी प्रशासत माथी रहेको महसुश हुने गरी ट्राफिक प्रहरीबाट भए गरेको विभिन्न ट्राफिक नियम उल्लंघन गर्ने ब्यक्तिहरुलाइ बलजफ्ती काममा लगाउने कार्य हामी निवेदकहरुले देखे भोगेको हुँदा कानून प्रतिकुलको वा कानूनको उंल्लघन गरी प्रहरी प्रशासनबाट भए गरेको कार्यहरु तत्काल रोकी पाउन कानूनमा अन्य बैकल्पीक व्यावस्था नभएको हुँदा प्रस्तुत निवेदन पत्र लिई उपस्थित भएका छौ।

३) Convention Against Torture १९८४, मानव अधिकारको विश्वव्यापी घोषणाको धारा ३ र ५ तथा संविधानको धारा २२ ले यातना विरुद्धको हक प्रदान गरी सो लाई कसूर भनि परिभाषा समेत गरेको अवस्थामा सडक गल्ती (Minor Traffic rule violation) मा समेत सडकमा उभ्याई बलपूर्वक ईच्छा विपरित सवारी नियमनको काममा लगाउने गरेको बाट म समेत समग्र चालकहरुको हक हितमा गम्भीर असर परेको छ।

४) सार्वभौमसत्ता जनतामा निहित भएको मुलकका नागरिकहरु सवतन्त्रता पूर्वक शिर ठाडो छाती चौडा गरी आफ्नो देशको परिधि भित्र स्वन्त्रता पूर्वक हिड्न र सम्मान पूर्वक बाच्नु पाउनु पर्दछ। प्रहरी प्रशासनबाट भएको कार्यले कानूनी राज्यको उपहास भएको महशुस गरी विपक्षीहरुबाट भए गरेको कार्य प्राकृतिक न्यायका सिद्धान्त विपरित र संविधानले अवलम्बन गरेका सिद्धान्त एंव मौलिक हकहरुको हनन भएको छ। सो कार्य तत्काल बन्द नगिरिए कानूनको उल्लघंन भई नागरिकहरुका मानव अधिकारको समेत हनन हुने र संविधान विपरितका कार्यहरुले प्रोत्साहन पाई रहने हुँदा र जनताको स्वतन्त्रताको हक, सम्मानपूर्वक बाच्न पाउने हक, न्यायको हक, शोषण विरुद्धको हक, यातना विरुद्धको हकको समेत हनन

भएको हुँदा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम उक्त कार्य तत्काल नरोकीए नागरिक अधिकार तथा स्वयमसेवकका रुपमा तालिम प्राप्त नभइ खटिएका व्यक्तिहरुको भविष्यमा पर्ने खतरा समेत प्रहरी प्रशासनबाट भएको हुँदा सो नगर्नु नगराउनु भनि विपक्षीहरुका नाममा उत्प्रेषण सहितको अन्तरिम आदेश जारी गरी पाउँ ।

५) साथै हाल त्यस्तो सडक कारवाहीमा परी बाटोमा उभ्याईएका चालकहरु उपर त्यस्तो गर्ने गरी भएको सवै पत्र, निर्णय चिट वा मौखिक आदेश समेत बदर गर्न उत्प्रेषणको परमादेशको आदेश जारी गरी पाउँ ।

६) सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम विपक्षीहरुका नाममा अन्तरिम आदेश जारी गरी पाउँ ।

७) यो निबेदनसाथ संलग्न कागजातको प्रतिलिपीहरु संलग्न गरेको छु ।

(क)सवारी चालक अनुमती तथा नागरिकता प्रमाण पत्रको फोटोकपी यसै साथ पेश गरेको छु

८) यसमा लेखिएको व्यहोरा ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

<u>निवेदक</u>

निज कृष्ण वि.क.

निज रविन्द्र पौडेल

निज आकाश कुमार भट्ट

निज प्रमेस पौडेल

निज उज्वल माली .

निज ईमामुल हक

निज राजु परियार

[illegible]